प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं.
फ्याक्स नं.
टोल फ्रि नं.

प.सं. २०७७/०७८
च.नं. वै.शा./ ५१

मिति: २०७७।०९।२८

विषय:- म.प. को निर्णय पठाइएको सम्बन्धमा ।

श्री सचिवज्यू,
आन्तरिक मामिला तथा कानून मन्त्रालय,
प्रदेश नं.२ जनकपुरधाम ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय जनकपुरधाम
दर्ता नं. ८६१

प्रस्तुत विषयमा कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका, २०७७ को मस्यौदा स्वीकृत गर्ने विषयको तहाँ मन्त्रालयको प्रस्ताव प्रदेश मन्त्रिपरिषद्को बैठक संख्या १६/०७७ मिति २०७७।०९।२८ का बैठकमा पेश हुँदा भएको निर्णयको प्रमाणित प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

.....................
अमन कुमार कर्ण
अधिकृत सातौं

E-mail: cm p2 gov.np@gmail.com "सक्षम निजामति प्रशासन विकास, समृद्धि र सुशासन" Website: www.ocmcm...

## कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका , २०७७

प्रशासकिय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं.दुईको प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "कानून व्यवसायीको सेवा प्राप्त गर्नेनिर्देशिका,२०७७"रहेकोछ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका प्रदेश नं. दुईका अदालतहरु, सर्वोच्च अदालत तथा प्रदेश नं. सरकारसंग सरोकार भएका मुद्दाहरु दायर भएको अदालतहरुका मुद्दा मामिला सन्दर्भमा लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ख) "ऐन"भन्नाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त सम्बन्धी ऐन,२०७५ सम्झनु पर्छ।

(ग) "कानून व्यवसायी" भन्नाले नेपाल कानून व्यवसायी परिषद ऐन, २० बमोजिम वरिष्ठ अधिवक्ता वा अधिवक्ता सम्झनु पर्छ।

(घ) "बहस पैरवी"भन्नाले कानून व्यवसायीले मुद्दामा अदालत वा मुद्दा अधिकारी समक्ष उपस्थित भई माग दावी वा जिकिर पुष्टि गर्न गरिने पैरवी र प्रतिरक्षा सम्झनुपर्छ । सो शब्दले बहसनोट समेतलाई जनाउनेछ

(ङ) "मुद्दा" भन्नाले न्यायिक वा अर्धन्यायिक निकाय समक्ष विवाद निरुपण लागि पेश भएको विषयवस्तु सम्झनु पर्छ र सो शब्दले रिट समेत जनाउनेछ ।

(च) "प्रदेश" भन्नाले प्रदेश नं. दुईलाई जनाउनेछ ।

(छ)"कार्यालय" भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं. जनकपुरधाम सम्झनु पर्छ।

(ज)"मन्त्रिपरिषद्" भन्नाले प्रदेश नं. दुई को मन्त्रिपरिषदलाई सम्झनु पर्छ।

३. कानून व्यवसायीको योग्यता:(१) यस निर्देशिका बमोजिम नियुक्त हुने कानून व्यवसायी योग्यता देहाय बमोजिम हुनु पर्नेछ :

(क) नेपाली नागरिक,

(ख) बरिष्ठ अधिवक्ता वा अधिवक्ताको उपाधि प्राप्त गरेको,

(२)उपदफा (१) बमोजिम नियुक्ति हुने कानून व्यवसायी प्रचलित नेपाल का बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।

४. कानून व्यवसायीको सेवा लिने सम्बन्धमा: (१) प्रदेश नं. २ सरकार विरुद्धको मामिला सम्बन्धमा प्रदेश सरकार वा प्रदेश सरकारको मन्त्रीद्धारा प्रदेशको हकहित अधिकारका लागि दायर गरिएको मुद्दामा दफा ३ बमोजिमको योग्यता भएको का व्यवसायीबाट सेवा परामर्श लिन देहाय बमोजिमका प्रक्रिया आवश्यक हुनेछ :

(क) मुख्य न्यायाधिवक्ताको निर्णयको आधारमा मुख्य न्यायाधिवक्ता कार्यालयले करार सम्झौता गरी कानुन व्यवसायीको सेवा लिनुपर्ने

(ख) मुख्य न्यायाधिवक्ताको कार्यालयले दफा ३ बमोजिम योग्य भए कानुन व्यवसायीको रोष्टर खडा गर्नेछ,

(ग) कानुन व्यवसायीको सेवा लिंदा मुद्दाको विषयवस्तुको गम्भीर्यता दृष्टिगत गरी सम्बन्धित विषयवस्तुमा विज्ञ कानुन व्यवसायी प्राथमिकतामा राख्नुपर्नेछ,

(घ) प्रत्येक मुद्दामा बहस पैरवीका लागि सर्वोच्च अदालत (संवैधा इजलास) को हकमा बढीमा ३ जनासम्म, सर्वोच्च अदालत ( इजलास)तथा उच्च अदालतका लागि बढीमा २ जना सम्म क व्यवसायीको सेवा लिन सकिनेछ,

(ङ) कानून व्यवसायीको सेवा लिने निर्णय गर्दा सम्भव भएसम्म अदालत रहेको स्थानको कानून व्यवसायीलाई प्राथमिकता दिइने छ । तर विज्ञ कानुनविदको हकमा बाहिरबाट ल्याउन बाधा पर्ने छैन ।

५. <u>कानून व्यवसायीको काम ,कर्तव्य र अधिकार:</u> (१) दफा ४ बमोजिम नियुक्त हुने कानून व्यवसायीको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्यालयले तोकेको दिन अदालतमा उपस्थित भई बहस पैरवी तथा प्रदेश सरकारको प्रतिरक्षा गर्ने,

(ख) अदालतको आदेश बमोजिम बहसनोट लगायत अन्य कार्य गर्ने,

(२) उपदफा (१) मा उल्लेखित कार्यका अतिरिक्त देहायका कार्यहरु समेत गर्नु पर्नेछ:

(क) मुख्य न्यायाधिवक्ता संग मौखिक परामर्श तथा सरसल्लाह गर्ने,

(ख) मिसिल अध्ययन गर्ने,

(ग) निवेदन उजुरी, फिराद र प्रतिवाद समेतको मस्यौदा तयार गरी दर्ता गर्ने,

(घ) प्रमाण पेश गर्ने र कार्य सम्पन्न भएपछि फाईल कार्यालयमा फिर्ता गर्ने,

(ङ) साक्षी उपस्थित गराई वकपत्र गराउने,

(च) मुद्दामा आवश्यक पर्ने कागजातहरु प्राप्त गर्ने,

(छ) मुद्दामा सुनुवाई भए नभएको कार्यालयलाई जानकारी गराउने,

(ज) मुद्दामा वारेस बस्ने तथा म्याद तारेख बुझ्ने,

(झ) मुद्दा संग सम्बन्धित अन्य कार्य गर्ने,

(३) दफा ४ बमोजिम नियुक्ति भएका कानून व्यवसायीको आफुले तोकिएको मुद्दामा भएको काम कारवाही बारेमा मुख्य न्यायाधिवक्ता तथा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४) कानूनव्यवसायीले आफुलाई तोकिएको मुद्दाको काम,कारवाही बारेमा जवाफदेही हुनुपर्नेछ ।

६. <u>कानून व्यवसायीको सेवा सम्झौता बदर हुने अवस्था:</u>(१) यस निर्देशिका बमोजिम नियुक्त हुने कानून व्यवसायीको सेवा सम्झौता देहाएको अवस्थामा बदर हुनेछ :

(क) मुद्दाको सुनुवाई हुने दिन अदालतमा उपस्थित नभएमा,

(ख) मुद्दा सम्बन्धि गोप्य सूचना अन्यलाई दिएमा,

(ग) मुद्दाको अन्य कारवाहिको सिलसिलामा लापरवाही गरेमा,

(घ) कार्यालय तथा प्रदेश सरकारलाई अहित हुने कुनै कार्य गरेमा,

(२) कानून व्यवसायीको आचारसंहिता र मुख्य न्यायाधिवक्ताको कार्यालयको आचारसंहिता उलंघन गरेमा सम्झौता बदर हुनेछ ।

(३) दफा ४ मा ताकिएको कार्य नगरेमा वा असमर्थ भएमा समेत सम्झौता बदर हुनेछ ।

७. <u>कानून व्यवसायीको सेवा बापतको रकम:</u> (१) यस निर्देशिका बमोजिम सेवा लिने कानून व्यवसायीलाई अनुसूची-१ बमोजिमको रकम प्रति मुद्दा तीन पटक सम्म यस कार्यालयको लागि विनियोजित "मुद्दा व्यवस्थापन" खर्च शीर्षकबाट उपलब्ध गराइनेछ।

८. <u>असहाय पीडितलाई दैनिक तथा भ्रमण भत्ता तथा सुरक्षा दिनुपर्ने</u> :(१) यस कार्यालयद्वारा नियुक्त गरिने कानुन व्यवसायी तथा यस कार्यालय मातहत रहेका प्रदेश कानुनी सहायता अधिकृतहरुको सिफारिशमा मुख्य न्यायाधिवक्ताको निर्णय अनुसार असहाय पीडितलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले कानुन बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता यस मुख्य न्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने दैनिक तथा भ्रमण भत्ता पीडित अदालतमा वा मुख्य न्यायाधिवक्ताको कार्यालयमा वा प्रदेश कानुनी सहायता अधिकृतको कार्यालयमा कार्य प्रयोजनले बोलाएमा उपस्थित भएको दिनलाई गणना गरि दिइनेछ ।

९. प्रतिवेदन पेश गर्नुपर्ने:(१) यस निर्देशिका बमोजिम नियुक्त हुने कानून व्यवसायीले मुख्य न्यायाधिवक्ताकोकार्यालयमा प्रतिवेदन पेश गर्दा सामान्यतया देहायका कुराहरु खुलाउनु पर्नेछ :

(क)आफुले हेरेको मुद्दाको विवरण: रिट निवेदक र प्रत्यर्थीको नाम,थर,वतन समेत

(ख) वकालतनामा पेश गरेको भए सो कुरा,

(ग) बहसनोट पेश गरेको भए सोको प्रतिलिपी,

(घ) फैसला को प्रमाणित प्रतिलिपी,

(ङ) निवेदन तथा लिखितहरु मसौदा गरेको वा दर्ता गरेको भए सो को प्रतिलिपी,

(च) साक्षीको वकपत्र भए सो कुरा,

१०. कानून व्यवसायीको सेवा अवधि:१) यस निर्देशिका बमोजिम सेवा लिने कानून व्यवसायीको सेवा अवधि सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

११. निर्देशिकाको पालना: (१) यो निर्देशिका पालना गर्नु यस निर्देशिका बमोजिम सेवा लिने कानून व्यवसायीको कर्तव्य हुनेछ ।

१२. निर्देशिकामा संशोधन:कार्यालयको सिफारिशमा प्रदेश सरकारले यस निर्देशिकालाई संशोधन गर्न सक्नेछ ।

१३. अनुसूची हेरफेर:कार्यालयले आवश्यकता नुसार श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. २ को सहमति लिई अनुसूचिमा हेरफेर/थपघट गर्न सक्नेछ ।

## अनुसुची – १

(दफा ७ बमोजिम कानुन व्यवसायीबाट लिइने सेवा वापतकोरकम।)

| अदालत / आवश्यक योग्यता | सर्वोच्च अदालत (संवैधानिक इजलास) | सर्वोच्च अदालत (अन्य इजलास) | उच्च अदालत | कैफियत |
|---|---|---|---|---|
| वरिष्ठ अधिवक्ताको हकमा | दोहोरो छलफलमा- रु.२५,०००।–<br>पहिलो सुनुवाइमा- रु.२०,०००।- | रु.१५,०००।– | रु.१०,०००।– | |
| दश वर्ष बढीको अनुभव भएको अधिवक्ताको हकमा | दोहोरो छलफलमा- रु.२०,०००।–<br>पहिलो सुनुवाइमा- रु.१५,०००।- | रु.१०,०००।– | रु.८,०००।– | |
| ५ वर्ष बढीको अनुभव भएको अधिवक्ताको हकमा | दोहोरो छलफलमा- रु.१५,०००।–<br>पहिलो सुनुवाइमा- रु.१०,०००।- | रु.८,०००।– | रु.६,०००।– | |
| ५ वर्षसम्मको अनुभव भएको अधिवक्ताको हकमा | दोहोरो छलफलमा- रु.१२,०००।–<br>पहिलो सुनुवाइमा- रु.८,०००।- | रु.,६०००।– | रु.५,०००।– | |
| तारेख लिएको वा निवेदन बापत | ५००।- | ५००।- | ५००।- | |
| फोटोकपी, प्रिन्ट | बिल भरपाई अनुसार | | | |
| अदालतको राजश्व | | | | |

द्रष्टव्यः उल्लेखित पारिश्रमिक भुक्तानी गर्दा प्रचलित कानुनबमोजिमको करकट्टा गरी भुक्तानी गरिनेछ ।